स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं ।
फोन ०१-४५३४९२१/२२, ४५२८४८१
Central Office: Kamalpokhari, Kathmandu
Tel-1-4534921/22, 4528481
E-mail: info@ swbbl.com.np
Web Site: www.swbbl.com.np

च.नं.: २४./२०८१/८२ मिति : २०८१/०७/३०

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।

श्री सि.डि.एस. एण्ड क्लिएरिङ्ग लि. पुतलीसडक, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

विषय : साधारण सभा सम्बन्धमा ।

महोदय,

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को २३औं वार्षिक साधारण सभा यहि मिति २०८१/०७/३० गते निम्न विषयहरुका प्रस्ताव पारित गर्दै सम्पन्न भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

(१) वित्तीय संस्थाको २३औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व.२०८०/८१को **संचालक समितिको प्रतिवेदन** उपर छलफल गरी सभाबाट सर्वसम्मतिले पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी सभाबाट सर्वसम्मतिले पारित भयो ।

(३) आ.व. २०८०/८१ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पुँजीको **०.७५% ले हुन आउने रकम रु. १,०८,७५,०००/- (अक्षरेपी एक करोड आठ लाख पचहत्तर हजार मात्र)** नगद लाभांश (बोनस शेयरको करको लागि) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न सभाबाट सर्वसम्मतिले स्वीकृति प्राप्त भयो ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्नको लागि **श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुल्चौक, ललितपुर**लाई लेखापरीक्षक नियुक्त गर्ने निर्णय सभाबाट सर्वसम्मतिले पारित भयो ।

(५) वित्तीय संस्थामा सर्वसाधारण शेयरधनीहरुका तर्फबाट काठमाडौं-१४ निवासी श्री रविन कुमार श्रेष्ठलाई संचालक पदमा निर्विरोध निर्वाचित गर्ने निर्णय सर्वसम्मतिले पारित भयो ।

(६) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०८०/८१ सम्मको मुनाफाबाट चुक्ता पुँजी **रु.१,४५,००,००,०००/- को १४.२५% ले हुन आउने रकम रु. २०,६६,२५,०००/- (अक्षरेपी बीस करोड छैसठ्ठी लाख पच्चिस हजार मात्र)** बराबरको **२०,६६,२५० किता बोनस शेयर** शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(७) हालको जारी तथा चुक्ता पुँजी रु. १,४५,००,००,०००/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी रु. १,६५,६६,२५,०००/- कायम गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(८) उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी वृद्धि भए अनुसार प्रबन्धपत्रको ५(ख) (जारी पुँजी), र ५ (ग) (चुक्ता पूँजी) सम्बन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(९) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(१०) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त “घ” वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती(merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

भवदीय,

गोविन्द चापागाईं
कम्पनी सचिव